# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

| आयोगको बैठक संख्याः १२२ | मितिः २०८३/०५/१८ |
|---|---|

**निर्णय नंः १५८/०८३-८४**

**विषयः आयोगको आठौं वार्षिक प्रतिवेदन, २०८३ स्वीकृत गर्ने ।**

माथि उल्लिखित विषयका सम्बन्धा मिति २०८३/०५/१८ का दिन यस आयोगका माननीय कार्यवाहक अध्यक्षज्यूको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिम निर्णय गरियो ।

१. प्रस्तावमा पेश भएबमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादित कामकारबाहीको विवरण सहित तयार गरिएको आयोगको आठौ वार्षिक प्रतिवेदन, २०८३ स्वीकृत गर्ने ।

२. आयोगको स्वीकृत आठौ वार्षिक प्रतिवेदन, २०८३ छपाई गरी सम्माननीय राष्ट्रपति समक्ष पेश गर्ने।

**निर्णय नंः १५९/०८३-८४**

**विषयः विविध ।**

१. माथि उल्लेखित विषयका सम्बन्धमा आज मिति २०८३/०५/१८ गतेका दिन आयोगका माननीय कार्यवाहक अध्यक्षको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिम निर्णय गरियो।

१.१ नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारमा तथा प्रदेशबाट स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको सिफारिस गर्दा न्यूनतम अनुदान, सुत्रमा आधारित अनुदान र कार्यसम्पादनमा आधारित अनुदान छुट्टाछुट्टै गणना गरी सिफारिस गर्ने।

१.२ नेपाल सरकारबाट प्रदेश सरकारमा हस्तान्तरण गरिने न्यूनतम वित्तीय समानीकरण अनुदानको हिस्सा कुल वित्तीय समानीकरण अनुदानको ३० प्रतिशत कायम गर्ने साथै देहायको आधार र ढाँचा निर्धारण गर्ने।

| क्र.सं. | आधार (सूचक) | ढाँचा (भार प्रतिशत) |
|---|---|---|
| १ | जनसङ्ख्या | ५२ |
| २ | भूगोल (क्षेत्रफल) | ४८ |
| | जम्मा | १०० |

१.३ नेपाल सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको लागि देहाय बमोजिम जनसङ्ख्या र क्षेत्रफललाई आधार लिने।

**(क) जनसङ्ख्याको आधार**

| क्र.सं. | जनसङ्ख्या | प्राप्त गर्ने रकम (रु.लाखमा) |
|---|---|---|
| १ | १०,००० भन्दा कम | २०० |
| २ | १०,००० देखि २०,००० भन्दा कम | २२५ |
| ३ | २०,००० देखि ३०,००० भन्दा कम | २५० |

| | | |
|---|---|---|
| ४ | ३०,००० देखि ४०,००० भन्दा कम | २७५ |
| ५ | ४०,००० देखि ५०,००० भन्दा कम | ३०० |
| ६ | ५०,००० देखि ६०,००० भन्दा कम | ३२५ |
| ७ | ६०,००० देखि ७०,००० भन्दा कम | ३५० |
| ८ | ७०,००० देखि ८०,००० भन्दा कम | ३७५ |
| ९ | ८०,००० देखि ९०,००० भन्दा कम | ४०० |
| १० | ९०,००० देखि १,००,००० भन्दा कम | ४२५ |
| ११ | १,००,००० देखि १,१०,००० भन्दा कम | ४५० |
| १२ | १,१०,००० देखि १,२०,००० भन्दा कम | ४७५ |
| १३ | १,२०,००० देखि १,३०,००० भन्दा कम | ५०० |
| १४ | १,३०,००० देखि १,४०,००० भन्दा कम | ५२५ |
| १५ | १,४०,००० देखि १,५०,००० भन्दा कम | ५५० |
| १६ | १,५०,००० देखि १,६०,००० भन्दा कम | ५७५ |
| १७ | १,६०,००० देखि १,७०,००० भन्दा कम | ६०० |
| १८ | १,७०,००० देखि १,८०,००० भन्दा कम | ६२५ |
| १९ | १,८०,००० देखि १,९०,००० भन्दा कम | ६५० |
| २० | १,९०,००० देखि २,००,००० भन्दा कम | ६७५ |
| २१ | २,००,००० वा सो भन्दा बढी | ७०० |

**(ख) भूगोलको आधार**

| क्र.सं. | क्षेत्रफल | प्राप्त गर्ने रकम (रु.लाखमा) |
|---|---|---|
| १ | १०० वर्ग कि.मि. सम्म | १५० |
| २ | १०० वर्ग कि.मि. भन्दा बढी २०० वर्ग कि.मि.सम्म | १९० |
| ३ | २०० वर्ग कि.मि. भन्दा बढी ३०० वर्ग कि.मि.सम्म | २३० |
| ४ | ३०० वर्ग कि.मि. भन्दा बढी ४०० वर्ग कि.मि.सम्म | २७० |
| ५ | ४०० वर्ग कि.मि. भन्दा बढी | ३१० |

१.४ नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारमा तथा प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने सुत्रमा आधारित वित्तीय समानीकरण अनुदानको लागि देहाय बमोजिम आधार(सूचक) र ढाँचा(भार) निर्धारण गर्ने।

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार | सूचकको भार |
|---|---|---|---|
| १. | मानव विकास सूचकाङ्क | | १० % |
| २. | आर्थिक सामाजिक विकासको आधारमा वञ्चितीकरण सूचकाङ्क | | ५ % |
| ३. | पूर्वाधार विकासको अवस्था<br>३.१ सडकको घनत्व (सडकमा पहुँच),<br>३.२ विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>३.३ सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच),<br>३.४ खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>३.५ सरसफाइ (शौचालयको उपलब्धता) | <br>३५ %<br>१० %<br>१० %<br>१५ %<br>१५ % | १५ % |

| क्र.सं. | सूचक/उपसूचक | उपसूचकको भार | सूचकको भार |
|---|---|---|---|
| | ३.६ शहरीकरणको अवस्था | १५ % | |
| ४. | राजस्वको अवस्था/क्षमता | | १०% |
| ५. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | | ६० % |
| **जम्मा** | | | **१०० %** |

१.५ नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारमा तथा प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने कार्य सम्पादन मूल्याङ्कनमा आधारित वित्तीय समानीकरण अनुदानको लागि आयोगको प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८३ बमोजिम गरिने कार्यसम्पादन मूल्याङ्कनको नतिजाको आधारमा गणना गर्ने। कार्य सम्पादनमा आधारित वित्तीय समानीकरण अनुदानको हिस्सा कुल वित्तीय समानीकरण अनुदानको १० प्रतिशत कायम गर्ने।

१.६ प्रदेश सरकारबाट स्थानीय सरकारमा हस्तान्तरण हुने न्यूनतम वित्तीय समानीकरण अनुदानको लागि देहाय बमोजिम जनसङ्ख्या र भूगोल (क्षेत्रफल) लाई आधार लिने।

**(क) जनसङ्ख्याको आधार**

| क्र.सं. | जनसङ्ख्या | प्राप्त गर्ने रकम (रु.हजारमा) |
|---|---|---|
| १ | १०,००० भन्दा कम | ९०० |
| २ | १०,००० देखि २०,००० भन्दा कम | ९८० |
| ३ | २०,००० देखि ३०,००० भन्दा कम | १०६० |
| ४ | ३०,००० देखि ४०,००० भन्दा कम | ११४० |
| ५ | ४०,००० देखि ५०,००० भन्दा कम | १२२० |
| ६ | ५०,००० देखि ६०,००० भन्दा कम | १३०० |
| ७ | ६०,००० देखि ७०,००० भन्दा कम | १३८० |
| ८ | ७०,००० देखि ८०,००० भन्दा कम | १४६० |
| ९ | ८०,००० देखि ९०,००० भन्दा कम | १५४० |
| १० | ९०,००० देखि १,००,००० भन्दा कम | १६२० |
| ११ | १,००,००० देखि १,१०,००० भन्दा कम | १७०० |
| १२ | १,१०,००० देखि १,२०,००० भन्दा कम | १७८० |
| १३ | १,२०,००० देखि १,३०,००० भन्दा कम | १८६० |
| १४ | १,३०,००० देखि १,४०,००० भन्दा कम | १९४० |
| १५ | १,४०,००० देखि १,५०,००० भन्दा कम | २०२० |
| १६ | १,५०,००० देखि १,६०,००० भन्दा कम | २१०० |
| १७ | १,६०,००० देखि १,७०,००० भन्दा कम | २१८० |
| १८ | १,७०,००० देखि १,८०,००० भन्दा कम | २२६० |
| १९ | १,८०,००० देखि १,९०,००० भन्दा कम | २३४० |
| २० | १,९०,००० देखि २,००,००० भन्दा कम | २४२० |
| २१ | २,००,००० वा सो भन्दा बढी | २५०० |

(ख) भूगोलको आधार

| क्र.सं. | क्षेत्रफल | प्राप्त गर्ने रकम (रु.हजारमा) |
|---|---|---|
| १ | १०० वर्ग कि.मि. सम्म | ५०० |
| २ | १०० वर्ग कि.मि. भन्दा बढी २०० वर्ग कि.मि.सम्म | ७०० |
| ३ | २०० वर्ग कि.मि. भन्दा बढी ३०० वर्ग कि.मि.सम्म | ९०० |
| ४ | ३०० वर्ग कि.मि. भन्दा बढी ४०० वर्ग कि.मि.सम्म | ११०० |
| ५ | ४०० वर्ग कि.मि. भन्दा बढी | १३०० |

१.७ वित्तीय समानीकरण अनुदान गणना प्रयोजनका लागि देहायका स्रोतहरुबाट उपलव्ध तथ्याक प्रयोग गर्ने।

| क्र.सं. | सूचक | तथ्याङ्कको स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या | राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २. | भूगोल (क्षेत्रफल) | नेपाल राजपत्र |
| ३. | मानव विकास सूचकाङ्क | नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग |
| ४. | प्रदेश तथा स्थानीय सरकारको आर्थिक-सामाजिक विकासको आधारमा वञ्चितीकरण सूचकाङ्क | विशेष अनुदान सम्बन्धी कार्यविधि २०८१, राष्ट्रिय योजना आयोग |
| ५. | पूर्वाधार विकास<br>५.१ सडकको घनत्व (सडकमा पहुँच),<br>५.२ विद्युतको सुविधा (विद्युतमा पहुँच),<br>५.३ सूचना प्रविधिको सुविधा, (सूचना प्रविधिमा पहुँच),<br>५.४ खानेपानीको सुविधा (खानेपानीमा पहुँच),<br>५.५ सरसफाइ (शौचालयको उपलब्धता)<br>५.६ शहरीकरणको अवस्था | • गत आ.व.को सिफारिसमा प्रयोग भएको तथ्याङ्क,<br>• राष्ट्रिय जनगणना २०७८,<br>• राष्ट्रिय जनगणना २०७८,<br>• राष्ट्रिय जनगणना २०७८,<br>• राष्ट्रिय जनगणना २०७८<br>• राष्ट्रिय जनगणना २०७८ |
| ६. | राजस्वको अवस्था/क्षमता | महालेखा नियन्त्रक कार्यालय |
| ७. | खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिएको अध्ययन (२०७५) |
| ८. | कार्यसम्पादन मूल्याङ्कन सूचक | • महालेखा परीक्षकको कार्यालय,<br>• अर्थ मन्त्रालय,<br>• सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,<br>• वन तथा वातावरण मन्त्रालय,<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,<br>• महालेखा नियन्त्रक कार्यालय,<br>• राष्ट्रिय परीक्षा बोर्ड,<br>• प्रदेश तथा स्थानीय सरकारहरु |

२. आयोगको वार्षिक उत्सव प्रत्येक वर्ष असोज २७ गते मनाउने गरिएकोमा आयोगका पहिलो अध्यक्ष मिति २०७५/१२/०७ गते पद बहाली हुनुभएको मितिको आधारमा अबदेखि प्रत्येक वर्ष चैत्र ७ गते आयोगको वार्षिक उत्सव मनाउने।

..............................

(मा. विपिनराज निरौला)

कार्यवाहक अध्यक्ष